**नेपाल राष्ट्र बैंक**
**केन्द्रीय कार्यालय**
**बालुवाटार, काठमाण्डौंको**

## “वि.सं. २०७४ सालको कार्यालय (भित्ते तथा टेवल) पात्रो (क्यालेण्डर)”, “२०७४ सालको डायरी” र “६२ औं वार्षिकोत्वस समाचार विशेषाङ्क” छपाई गर्ने सम्बन्धी सिलबन्दी दरभाउपत्र आह्वानको सूचना

**(प्रथम पटक प्रकाशित मिति २०७३/१०/२६ )**

दरभाउपत्र नं : “GSD/AU/SQ/03/73/74, GSD/AU/SQ/ 04/73/74 & GSD/AU/SQ/ 05/73/74”

यस बैंकको प्रयोगको लागि विक्रम सम्वत् २०७४ सालको कार्यालय (भित्ते तथा टेवल) पात्रो (GSD/AU/SQ/03/73/74), २०७४ सालको डायरी (GSD/AU/SQ/04/73/74) र ६२औं वार्षिकोत्वसको उपलक्ष्यमा नेपाल राष्ट्र बैंक समाचार विशेषाङ्क (GSD/AU/SQ/05/73/74) छपाई गर्नु पर्ने भएकोले ईच्छुक रजिष्टर्ड फर्म, संस्था वा कम्पनीबाट यो सूचना गोरखापत्रमा प्रथम पटक प्रकाशित भएको मितिले १५ औं दिन (मिति २०७३/११/११ गते दिनको ४.०० बजे) सम्म दरभाउपत्र फाराम कार्यालय पात्रो, समाचार विशेषाङ्क र २०७४ सालको डायरीको लागि छुट्टाछुट्टै रुपमा रु.५००।- ( अक्षरेपी पाँच सय मात्र पछि फिर्ता नहुने) तिरी सामान्य सेवा विभागको आन्तरिक प्रशासन फाँटबाट खरिद गर्न सकिनेछ । दरभाउपत्र मिति २०७३/११/१२ गते (सो दिन सार्वजनिक विदा परेमा तत्पश्चात् कार्यालय खुलेको पहिलो दिन) दिनको १२.३० बजे भित्र सामान्य सेवा विभाग बालुवाटार, काठमाडौमा आईपुग्ने गरी पेश गर्न सकिनेछ । दरभाउपत्र सोही दिन अपरान्ह २.३० वजे खोलिनेछ ।

दरभाउपत्रदाताले दरभाउपत्र जमानत बापत २०७४ सालको कार्यालय पात्रो (भित्ते र टेवल) को लागि रु.३४,०००।०० (अक्षरेपी चौतीस हजार मात्र), २०७४ सालको डायरीको लागि रु.२९,०००।००( अक्षरेपी उनन्तीस हजार मात्र) र ६२औं वार्षिकोत्सव समाचार विशेषाङ्कको लागि रु.१९,०००।००( अक्षरेपी उन्नाइस हजार मात्र) छुट्टाछुट्टै रुपमा यस बैंकको बैकिङ्ग कार्यालय थापाथली स्थित खाता नं ११०९९०१/०११.०००.५२४ मा नगदै जम्मा गरेको सक्कल भौचर (भौचरको पछाडि २०७४ सालको कार्यालय पात्रो/२०७४ सालको डायरी छपाई/६२ औं वार्षिकोत्सव समाचार विशेषाङ्क छपाई गर्ने वारे लेखी अनिवार्य रुपमा फर्म, संस्था वा कम्पनीको नाम खुलाई दस्तखत र छाप लगाउनु पर्नेछ) वा दरभाउपत्र पेश गर्ने अन्तिम मितिले ७५ दिन मान्य अवधि भएको यस बैंकबाट ईजाजतपत्र प्राप्त बैंक/वित्तीय संस्थाबाट यस बैंकको पक्षमा जारी गरिएको बैंक जमानतपत्र (छुट्टाछुट्टै) संलग्न गर्नु पर्नेछ । दरभाउपत्र सम्वन्धी सम्पूर्ण शर्त तथा विवरणहरु दरभाउपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछन । साथै यो सूचना यस बैंकको वेवसाइट www.nrb.org.np मा समेत हेर्न सकिने छ । दरभाउपत्र सम्वन्धी अन्य कुनै कूरा बुझ्नू परेमा यस बैंकको सामान्य सेवा विभाग, बालुवाटार, काठमाडौमा सम्पर्क राख्न सकिनेछ ।

सामान्य सेवा विभाग
बालुवाटार